**सवारी दुर्घटनाबाट बचौं र बचाऔं ।**
- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफूले यात्रा गरिरहेको सवारीसाधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शङ्का लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं ।
- अनियन्त्रित र तीव्र गतिमा सवारीसाधन नचलाऔं ।
- समय-समयमा सवारीसाधनको मर्मतसम्भार गर्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
epratEekdaily.com



अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ साउन ०८ गते आइतवार // मूत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 July 24 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३२६

# टाँगियाबस्तीमा विद्युत् पोल गाडिंदै
## वन कार्यालय कारबाही प्रक्रियामा

प्रस, निजगढ, ७ साउन/

बाराको राष्ट्रिय वन क्षेत्रको मध्य भागमा रहेको टाँगियाबस्तीमा एउटा सरकारी कार्यालय बिजुली लग्न उद्यत छ भने अर्को सरकारी कार्यालय बिजुली लगेमा कारबाही गर्न तम्तयार छ ।

हुलासाथ डिभिजन वन कार्यालय, बाराले टाँगियाबस्ती वन क्षेत्रभित्र रहेकोले वन विभाग, सङ्घीय वन मन्त्रालय, मधेस प्रदेश वन मन्त्रालयको स्वीकृतविना कुनै कार्य नगर्न डिभिजन वन कार्यालय, वितरण केन्द्र सिमरालाई एक महीनाअघि

टाँगियाबस्तीको विशेष निगरानी गरि रहेको र कानूनी अड्चन फुकाएर कार्य गर्दा हामी सहयोगी हुन्छौं, अन्यथा हल हुज्जत, बल, जबरजस्ती गरिए वन कार्यालय कानूनी प्रक्रिया अघि बढाउन बाध्य हुने डिएफओ सिंहले बताए ।


टाँगियाबस्ती । तस्वीरः जीतलाल श्रेष्ठ

नेपाल विद्युत् प्राधिकरण टाँगियाबस्तीमा बिजुली लैजान खोज्दै छ भने डिभिजन वन कार्यालय, बारा स्वीकृतिविना राष्ट्रिय वनको मध्य भागमा बिजुली लगेको भन्दै कारबाही प्रक्रियामा छ । कानूनी बन्देजको राम्रो जानकारी हुँदाहुँदै पनि क्षेत्राधिकार नाघेर टेन्डर आह्वान अनि सम्झौता गरी ठेक्का लगाइसकेपछि अहिले दोधारे स्थितिमा नेपाल विद्युत् प्राधिकरण रहेको छ । जबरजस्ती काम अघि बढाएमा वन कार्यालयले कानूनी कारबाही गर्ने ठूलै डर छ । यथास्थितिमा टाँगियाबस्तीमा विद्युतीकरण गरिए वन कार्यालयले कानूनी कारबाही अघि बढाउने चेतावनी दिइरहेको छ ।

पछिल्लोपटक नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र सिमराले टाँगियाबस्तीमा विद्युतीकरण गरी बिजुली लैजान पोल गाड्ने, तार तान्नेलगायतका आवश्यक सामानसहित टेन्डरको सूचना निकाल्यो । उक्त टेन्डर ठेकेदार कम्पनीले दुई करोड ६५ लाखमा सकार गरी काम अघि बढाइसकेको छ ।

उक्त सूचनाको जानकारी प्राप्त पत्राचार गरिसकेको छ ।

जबरजस्ती काम अघि बढाए वन ऐनविपरीत कार्य ठहर्ने भन्दै वन कार्यालयले नेपाल विद्युत् प्राधिकरण, वितरण केन्द्र सिमरा र ठेकेदार कम्पनीलाई कारबाहीको चेतावनी दिएपछि टाँगियाबस्तीमा गर्न थालिएको विद्युतीकरण कार्य केही महीना स्थगन भएको थियो । तर अहिले स्थानीय टाँगियावासीको हठमा विद्युत् पोल गाड्ने काम भइरहेको छ ।

वन मन्त्रालयले दोस्रो निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजनाको नाममा भोकाधिकार दिइनसकेकोले टाँगियाबस्ती वन मन्त्रालय अन्तर्गत रहेको र त्यहाँ गरिने कुनै पनि गतिविधिमा सङ्घीय वन मन्त्रालय र मधेस प्रदेश वन मन्त्रालयसँग स्वीकृत लिई डिभिजन वन कार्यालय, बारासँग समन्वय गर्नुपर्छ भनेको छ । यदि स्वीकृति नलिई कुनै गतिविधि गरे वन ऐन नियम आकर्षित हुने डिभिजन वन कार्यालय, बाराका प्रमुख एवं डिएफओ विनोद सिंहले बताए ।

डिभिजन वन कार्यालय, बाराले

टाँगियाबस्तीका मानिस खानेपानी, बिजुली, सञ्चार, स्वास्थ्य, शिक्षालगायतका आवश्यक सेवाहरूबाट वञ्चित हुनुहुँदैन, तर क्षेत्राधिकार नाघेर गरिने गैरकानूनी कार्यलाई रोक्ने दायित्व र जिम्मेवारी वन कार्यालयको रहेको डिएफओ सिंहले बताए ।

यता टाँगियाबस्तीमा विद्युतीकरणका लागि नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र सिमराले ठेक्का आह्वान गरी ठेकेदार कम्पनीसँग सम्झौता गरिसकेको सो कार्यालयका प्रमुख रामु श्रेष्ठले बताए । "हामी छिटोभन्दा छिटो टाँगियाबस्तीमा बिजुली लैजाने योजनाका साथ अघि बढिरहेका छौं," प्रमुख श्रेष्ठको भनाइ छ ।

यता मानवबस्ती रहन्जेलसम्म बिजुली बाल्न पाउनुपर्ने आफूहरूको माग रहेको र राज्यको आवश्यकतापछि बस्तीको उचित व्यवस्थापनसँगै त्यस ठाउँ छोड्न आफूहरू राजी भएको अवस्थामा पनि हामीमाथि राज्यबाट विभेद भइरहेको टाँगियावासीको भनाइ छ । हाम्रोको मत लिएर सांसद, मन्त्री बन्ने तर हाम्रो पीरमर्का नबुझ्ने ? टाँगियावासी दुःखेसो पोख्छन् ।

# आठजना महिलासहित १२९ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ७ साउन/

पर्साका दुई स्थान र बाराको एक स्थान गरी शनिवार तीन ठाउँमा सम्पन्न कार्यसमितिले बिपी स्मृति दिवसको अवसरमा माईस्थान पार्कमा आयोजना गरेको रक्तदान कार्यक्रममा चारजना

प्रस, सेढवा/

यसैगरी, बिपी स्मृति दिवसको अवसरमा नेपाली काङ्ग्रेस



तस्वीरः प्रतीक

रक्तदान कार्यक्रममा आठजना महिलासहित १२९ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।

नेपाली काङ्ग्रेस, पर्सा-२, क्षेत्रीय महिलासहित ४५ जनाले रक्तदान गरेका थिए । कार्यक्रममा सगिरा खातुन, नजमा बेगम, सबिना खातुन, लोकनारायण यादव, राज खड्की, शहजाद अली, रेयाज अहमद, बिलन यादव, रोशन लामिछानेलगायतले रक्तदान गरेका थिए ।

जीराभवानी गाउँपालिका-३ ले बितो महतो जनता माविमा आयोजना गरेको रक्तदान कार्यक्रममा दुईजना महिलासहित ५१ जनाले रक्तदान गरेका थिए । कार्यक्रममा गापा अध्यक्ष अनोज

(बाँकी अन्तिम पातामा)

# ठक्कर दिएर फरार हुने अन्सारी पक्राउ

प्रस, वीरगंज, ७ साउन/

जिल्ला प्रहरी कार्यालय, पर्साले एकजना सुमो चालकलाई पक्राउ गरेको



तस्वीरः संजय झा/प्रतीक, पर्सा

छ । पक्राउ पर्नेमा बहुदरमाई नगरपालिका-७ विश्रामपुर निवासी २१ वर्षीय अलाउद्दीन अन्सारी रहेका छन् । उनले बिहीवार साँझ ५ बजे वीरगंज महानगरपालिका-२४ कृष्ण पेट्रोल पम्पअगाडि रामगढवामा बहुअरी निवासी वर्ष ७० का शिवदयाल राउत अहिरलाई ना.१ज १९२१ नम्बरको टाटा सुमो गाडीले ठक्कर दिइ घाइते बनाएका थिए ।

घाइते अहिरलाई बीच बाटोमै छटपटाउँदै गरेको अवस्थामा अलपत्र छाडी फरार अन्सारी भएका थिए ।

घटनाको सूचना पाए लगत्तै जिप्रकाको श्रीपुरबाट खटिएको प्रहरी टोलीले घाइतेलाई उपचारको लागि नारायणी अस्पताल, वीरगंजमा पुऱ्याउँदा चिकित्सकले मृत घोषित गरेका थिए ।

प्रहरीले अन्सारीलाई शुक्रवार वीमनपा-१९ विन्ध्यवासिनी चोकबाट नियन्त्रणमा लिएको थियो । घटनामा प्रयोग भएको ना.१ज १९२१ नम्बरको टाटा सुमो गाडी वीमनपा-१५ गण्डकस्थित आफन्तको घरमा लुकाइ राखेकोमा बरामद गरी सवारी ज्यानसम्बन्धी कसूरमा अनुसन्धान अगाडि बढाइएको जिप्रकाले जनाएको छ ।

# छिमेकीको कुटपिटबाट महिला घाइते

प्रस, परवानीपुर, ७ साउन/

वीरगंजमा एकजना महिला छिमेकीको कुटाइबाट घाइते भएकी छिन् । घाइते हुनेमा वीरगंज-१३ मुर्ली मस्जिद टोलकी परवेज अख्तरकी पत्नी सञ्जिदा खातुन रहेकी छिन् । गत शनिवार साँझ साढे ५ बजे एसीको पानी चुहिएको विषयमा विवाद हुँदा नातामा जेठाजु पर्ने अनवर मियाँ अन्सारीको परिवारजनले मुक्का र लात प्रहार गरी गम्भीर घाइते बनाएको सञ्जिदाको आरोप छ ।

उनी अहिले नेशनल मेडिकल कलेजको एसडिओ विभागमा उपचाररत छिन् । उनको टाउको र छातीमा गम्भीर चोटपटक लागेको छ । घटना घटेको एक हप्ता भएपनि सरोकारवाला निकायले कुनै चासो नदिएको उनको गुनासो छ । प्रहरी प्रशासन, अधिकारकर्मी तथा सञ्चारमाध्यममा घटनाको समाचार नआएपछि सञ्जिदाले भिडियो बनाइ फेसबुकमार्फत बताएकी हुन् ।

बकरीदको समयमा अनवर मियाँ अन्सारीको घरमा लगाएको एसीको पानी आफ्नो भान्साघरमा चुहेको विषयमा विवाद हुँदा अनवरका परिवारजनले आफूमाथि निर्घात कुटपिट गरेको सञ्जिदाले बताइन् । अनवर मियाँ अन्सारी, इस्लाम अन्सारी, अनवरकी पत्नी जैनुल खातुन, छोराहरू सागिर अन्सारी, साजिद अन्सारी, छोरी मुनचुन अन्सारीलगायतले आफूलाई मरणासन्न हुनेगरी कुटपिट गरेको उनले बताइन् ।

कुटपिटबाट गम्भीर घाइते भएकी सञ्जिदालाई निजका दाइ एजाज आलमले वडा प्रहरी कार्यालय, श्रीपुरका दुईजना सुरक्षाकर्मीको सहयोगमा नेशनल

आक्रमण पतिकै परिवारको उक्साहटमा भएको हुन सक्ने उनको दाबी छ ।

यस विषयमा आज शनिवार जिल्ला प्रहरी कार्यालय, पर्साका प्रमुख प्रहरी


घाइते सञ्जिदा खातुन । तस्वीरः प्रतीक

मेडिकल कलेजमा भर्ना गरेका थिए ।

सञ्जिदाका पति परवेज अख्तर सूर्य एयरलायन्समा एरोक्राफ्ट इन्जिनीयर हुन् । उनको परिवार अहिले काठमाडौंमा बस्छ । एक वर्षअगाडि पतिपत्नीबीच झगडा हुँदा पति अख्तरले पर्सा जिल्ला अदालतमा सम्बन्धविच्छेदको लागि मुद्दा दायर गरेका थिए ।

मुद्दा सुनुवाइको क्रममा अदालतको आदेशबाट आफूलाई पति अख्तरको घरमा बस्न र मासिक १२ हजार रुपैयाँ मानाचामल भराउन आदेश भएको सञ्जिदा बताउँछिन् । आफूमाथि भएको

उपरीक्षक रमेश बस्नेतको कार्यकक्षमा दुवै पक्ष राखेर छलफल गराइएको तर सहमति नभएको बुझिएको छ । घाइते सञ्जिदा अस्पतालबाट फर्केपछि उनको बयानको आधारमा कारबाई प्रक्रिया अगाडि बढाउने प्रहरीले बताएको छ ।

कुटपिटको आरोप लागेका जेठाजु अनवर मियाँ अन्सारीले सञ्जिदाको चालचलन ठीक नभएको र आफ्नो परिवारजन अनावश्यक विषयमा झैंझगडा गर्न आउँदा झगडा भएको बताए । उनले आफ्नो परिवारका सदस्यहरूलाई पनि सञ्जिदाले कुटपिट गरेको बताए ।

# नागरिकता विधेयक पारित भएपछि दीप प्रज्वलन

प्रस, वीरगंज, ७ साउन/

नेपाल सरकारले प्रतिनिधिसभाबाट नागरिकता विधेयक पारित गरेपछि वीरगंजमा खुशियाली मनाइएको छ ।

सत्तारूढ गठबन्धन दलका नेपाली काङ्ग्रेस, पर्साले वीरगंजको माईस्थान पार्कमा दीप प्रज्वलन गरी खुशियाली मनाएको छ भने सरकारलाई स्थानीय नेताहरूले धन्यवाद दिएका छन् ।

नेपाली काङ्ग्रेस, पर्साका पूर्वसभापति सुरेन्द्रप्रसाद चौधरीले तराई-मधेसमा नागरिकताविहीन लाखौं परिवारको लागि नागरिकता विधेयक फलदायी हुने बताए ।

उनले नागरिकता विधेयक संसद्बाट पारित भएकोले अब नागरिकता बनाउनको लागि सर्वोच्चमा रिट दिनुपर्ने र जन्मसिद्ध नागरिकका छोराछोरीहरूले सहजै नागरिकता प्राप्त गर्ने बताए ।

नेपाली काङ्ग्रेस, पर्साका सभापति जनार्दनसिंह क्षत्रीले चुनावको मुखमा

(बाँकी अन्तिम पातामा)


तस्वीरः प्रतीक

## विचारसार र सूक्तिहरू

**जीवन एउटा परीक्षा हो, धेरै मानिस यसमा फेल हुन्छन् किनकि ती अरूको नकल गर्छन् यो नबुझेर कि पेपर त सबैको भिन्नाभिन्नै हुन्छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# जीवन एउटा मेला हो

मेल–मिलापले मेला बन्न पुग्दछ । यदि विचारहरूको मेल हुन्छ भने त्यसमा विभिन्न किसिमका विचारका मानिससँग भेटघाट हुने, उनीहरूलाई बुझ्ने अवसर प्राप्त हुन्छ। यसले टाढाटाढाबाट आउने मानिसहरू आफ्नो सुविधा त्यागेर एकजुट हुन्छन् । विरोधी एवं आपसीविपरीत अनुभूतिहरूमा एक समान भाव जाग्रत गर्नका लागि यसभन्दा राम्रो अभ्यास अरू के नै हुन सक्छ ? त्यसो त भेट्नुको अर्थ योग पनि हुन्छ, अर्थात् जीवन कर्मको साधना गर्दै परमात्मासँग भेट्नु । रहन्छ। उनलाई सदैव यस कुराको चिन्ता रहन्छ, भय रहन्छ कि उनीभन्दा बढी नमालूम कसको पुण्यफल उदित हुन्छ र उनलाई इन्द्रपदबाट अलग गरिदिन्छ, तर आत्मसिंहासनमा बस्ने व्यक्तिलाई कसैले तल झार्न सक्दैन । आत्मबोध भएपछि चाहे गृहस्थी होस्, चाहे संन्यासी–ऊ कहिल्यै असन्तुष्ट रहन सक्दैन ।

जे प्राप्त भएको छैन, त्यसलाई प्राप्त गर्ने चाहनाले व्यक्तिको मनमा असन्तोषलाई जन्म दिन्छ। जे प्राप्त छ, त्यसप्रति सन्तुष्टि–भाव राख्नु नै उपासना

**घर–परिवारको एकजुटता होस् वा कुटुम्ब–सम्बन्धीहरूको भेला, समाजको मेलमिलाप होस् अथवा संस्कृतिहरूको सम्मिलन, कुरा आफ्नो देशको जमीनसम्म मात्र सीमित होस् वा सम्पूर्ण विश्व–वसुधाको–यी सबै आफ्नै जीवन मेलाका विविध रूप हुन्। मेला त हो नै उत्सव, राग, अनुराग, उल्लासको पर्याय । जसले यस सत्यलाई जान्यो, उसले आफ्नो जीवन खुशीले भर्न सक्छ ।**

यदि मेलाको भाव बुझ्न सकियो भने जीवनमा सुख–दुःखबाट उपराम (निवृत्त) हुन सकिन्छ । जीवनमा सामञ्जस्य बसाउन सकिन्छ। मन बडो चञ्चल छ। मेलामा चलित क्षणमा मेल हुन्छ। अनेक प्रकारका दृश्य, विचार भेटिन्छन्, जसले स्वाभाविकरूपमा चञ्चल मनको संघटन हुन्छ। दार्शनिक भाषामा मेलालाई भन्न सकिन्छ–क्षणिक वा अस्थायी मिलन । एक दिनदेखि एक महीनासम्मको मेलाको परम्परा रहेको देखिन्छ ।

यसै प्रकार जीवन पनि एउटा मेला हो। कोही २५ वर्षका लागि आएको छ, कोही ५० वर्ष तथा केही ७५ वा ९० वर्षका लागि दुनियाँमा आएको छ। यी मेलाबाट यदि यही प्रेरणा लियौं भने जीवनमा असन्तुलन वा असामञ्जस्य हुन सक्दैन। यहाँ अलगाव छ, तर पनि एकता छ। आउने मानिसहरूको पहिरन भिन्न, खानपान भिन्न, रङ्गरूप भिन्न, खाना पकाउने विधि पनि भिन्नभिन्न छ, तर पनि परमात्माको नाम लिंदै पवित्र नदीमा स्नान गर्ने बेला मन, बुद्धि, शरीर सबै पवित्र हुन्छ। एक भएपछि कसले कोसँग राग गर्ने, कोसँग द्वेष गर्ने ?

संसारमा सबै कुरा आफ्नो मन अनुकूल हुन सक्दैन। अनुकूलताहरू विरल हुन्छन्, थोरै हुन्छन्; प्रतिकूलताहरू भने बढी। वेदहरूको सार गीतालाई भनिएको छ; किनकि त्यसमा जीवनलाई सन्तुलित बनाउने उपाय बताइएको छ। जो मानिस विपरीत परिस्थितिहरूमा पनि विचलित हुँदैन, उही स्थितप्रज्ञ हो, फेरि वेश जेसुकै किन नहोस् । इन्द्रपद पाइयोस् वा पाँच घरबाट भिक्षाटन गरेर जीवन निर्वाह गर्नु किन नपरोस्–दुवै स्थितिमा सन्तुष्ट रहन सक्ने, समान मानसिकतामा बाँच्न सक्नेलाई कसैले विचलित पार्न सक्दैन । परमहंसको अवस्था, जसलाई ब्राह्मी स्थिति पनि भन्न सकिन्छ, त्यसमा जीवनका यी सबै विक्षोभ टाढिन्छन्, अनि मात्र मानिसलाई स्थायी शान्ति प्राप्त हुन्छ ।

धर्म मानिसको सहयोगी, साथी र मार्गदर्शक हो, तर आध्यात्मिकता धेरै उच्च अवस्था हो, जसको लक्ष्य परमात्मा हो, आत्मानुभूति हो–त्यसका सामु सुख–भोगहरूको कुनै महत्त्व छैन। प्रभुप्रेमीको भावदशा नै विचित्र हुन्छ। ऐश्वर्यशालीको, सम्पन्नको, प्रायः इन्द्रको वैभवसँग तुलना गरिन्छ, तर इन्द्रको स्थिति सदैव भयमा

हो । जो आत्मसिंहासनमा विराजमान भएर निजात्मबोधको आनन्दमा मग्न छ, उसका सामु इन्द्रासन पनि तृण बराबर हुन्छ । ऊ मनले स्थिर र अच्युत बन्न पुग्दछ। जसले जुन इष्टको उपासना गर्दछ, ऊ त्यस इष्टसँग एकाकार हुन पुग्दछ । वास्तवमा साधना पद्धतिरू अरू केही होइन, एकै स्थानमा पुग्ने भिन्नभिन्न मार्ग हुन्। त्यसैले कसैले आफ्नो इष्टदेव बदल्नु आवश्यक छैन। आदिशङ्कराचार्यले पाँच उपासना पद्धति प्रचलित गरेका थिए–शिव, शक्ति, विष्णु, गणेश र सूर्यको। अरू कसैलाई दुःख नपुर्‍याएर, आफ्नो इष्टको पूजा गर्ने सबैलाई समान अधिकार छ।

प्राचीनकालमा जब धर्म जीवनको आवश्यक र अन्तिम अङ्ग थियो, तब मानिस आसुरी शक्तिको सामना गर्दथे र त्यस हेतु बलिदान दिन्थे । धर्म र संस्कृतिको रक्षामा तत्पर रहन्थे, तर आज संस्कृतिको उन्नयनको कुरा कोही गर्दैन । धर्मको वृक्षलाई श्रद्धा र विश्वासको जलले सिञ्चन गरेर पोषित–पल्लवित गरिन्थ्यो । वैराग्यको फूल लागेपछि मोक्षको फल स्वयमेव लाग्न पुग्छ। मोक्ष मरेपछि होइन, जीवित रहँदै पनि प्राप्त गर्न सकिन्छ। हाम्रो भाव यही रहोस् कि हाम्रा जति पनि सम्पदा छन्, ती परमात्माका शक्ति बनून् । केवल सम्पत्ति नै होइन, विपत्ति पनि परमात्माकै सम्पत्ति ठानेर उनैलाई अर्पित गरौं भने संसारको कुनै पनि शक्तिले हामीलाई विचलित पार्न सक्दैन। घनघोर र भयावह सङ्कटले पनि हामीलाई डराउन सक्दैन।

हामी सबैलाई सम्पत्ति र विपत्तिमा, सुख र दुःखमा एकरूपता, समानताको प्रतीती हुनुपर्छ । यदि यो धारणा दृढ भयो भने जीवन प्रभुमय बन्न पुग्छ। जो मानिस सुख–दुःखमा विचलित हुँदैन, सबमा समभाव राख्दछ, सबैमा परम प्रभुको छवि देख्दछ–उसमा आध्यात्मिकताको अङ्कुरण हुन्छ नै । अग्निको, त्यागको प्रभा प्रकट गर्ने संन्यासीको वस्त्र यद्यपि महत्त्वपूर्ण हो, तर वेश नै सबैथोक भने हुँदैन।

गृहस्थाश्रममा बस्ने व्यक्ति यदि यो जीवनशैली अँगाल्दछ भने ऊ पनि त्यसै कोटिको साधक मानिन्छ। मानिसले यो अनुभव गरोस् कि यदि ऊ केवल परमात्मासँग मात्र प्रेम गर्दछ, केवल उसैका लागि उसको जीवन समर्पित छ भने ऊ सदा आनन्दमग्न रहन सक्छ । आनन्द केवल प्रभु चरणमा छ। जीवनको यस मेलामा केवल परमात्मा नै सर्वस्व हुन्।

यो विश्वास दृढ हुनेबित्तिकै ऊ जीवनमैं मुक्त भइसक्छ । जीवन परमात्माको प्रवाह हो । साँच्चीकै परमात्मा प्रवाहित भइरहेका छन्, जीवनको रूपमा। सम्पूर्णरूपले पवित्र, परिमार्जित एवं परिष्कृत छ यो जीवन प्रवाह।

भगवान्ले श्रीमद्भागवद्गीता, ७/७ मा भनेका छन्–**मयि सर्वमिदं प्रोतं सूत्रे मणिगणा इव॥** अर्थात् ममा सबै त्यसैगरी उनिएका छन् जसरी धागोमा मणिहरू। प्रत्येक मणिद्वारा धागोको स्पर्श नै प्रत्येक जीवात्माको परमात्मासँग संस्पर्श हो । जीवन मेला पनि केही यस्तै छ। यसमा बाह्य तवरमा त निकै भेदभाव देखिन्छ, तर भित्री तवरमा त्यस सत्यको अनुभूति हुन्छ, जसले हामी सबैलाई यस महामेलामा भेला गराएको छ । यस अनुभूतिले हामीलाई विसङ्गतिहरूमा सुसङ्गति प्रदान गर्दछ। दुःखमा सुख, अँध्यारोमा प्रकाशको खोजीको बाटो पनि त यही हो।

घर–परिवारको एकजुटता होस् वा कुटुम्ब–सम्बन्धीहरूको भेला, समाजको मेलमिलाप होस् अथवा संस्कृतिहरूको सम्मिलन, कुरा आफ्नो देशको जमीनसम्म मात्र सीमित होस् वा सम्पूर्ण विश्व–वसुधाको–यी सबै आफ्नै जीवन मेलाका विविध रूप हुन्। मेला त हो नै उत्सव, राग, अनुराग, उल्लासको पर्याय। जसले यस सत्यलाई जान्यो, उसले आफ्नो जीवन खुशीले भर्न सक्छ । आउनुस् जीवनरूपी यस मेलाको आनन्द उठाऔं।

# विद्युत् व्यापारका तगारा

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**प्राधिकरणको अहिलेको सीमित स्रोत र संरचना, उत्पादन र वितरणका विरोधाभास, नीति, प्रक्रियागत, नियतगत झन्झटजस्ता अवरोधको समाधान पहिलो शर्त हो । प्रसारण र वितरणमा निजी क्षेत्रको प्रवेशले मात्रै यसमा सुधारको बाटो पहिल्याउनेमा आशावादी हुन सकिन्छ ।**

एक समय आयातित बिजुलीकै भरमा लोडसेडिङ हटाएको नेपाल विद्युत् प्राधिकरणले अहिले अघोषित लोडसेडिङ थोपरिराखेको छ । संयोग कस्तो भने त्यतिखेर अँध्यारो हटाएको भन्दै वाहवाही कमाएका कुलमान घिसिङ नै अहिले प्राधिकरणको नेतृत्वमा छन्। त्यतिखेर उत्पादन र माग दुवै कम थियो। अहिले उत्पादनमा सुधार आयो, सँगै माग पनि बढ्यो । आपूर्तिको संयन्त्र पुरानै हुँदा उत्पादित बिजुली माग भएको ठाउँसम्म पुर्‍याउन सकिएको छैन। अहिले देशका मुख्य औद्योगिक कोरिडोरमा ट्रिपिङको समस्या व्यापक बढेको छ । उद्यमीहरू प्राधिकरणका स्थानीय कार्यालयदेखि केन्द्रीय तहसम्म धाइरहेका छन् । उनीहरूले सरोकारका मन्त्रीलाई समस्या सुनाएका छन् । आश्वासन पाए पनि समस्याको समाधान भने निस्किएको छैन।

नेपाल विद्युत् प्राधिकरणका अनुसार अहिले नेपालमा करीब दुई हजार २०० मेगावाट विद्युत् उत्पादन भइरहेको छ। यो वर्ष उत्पादन हुने थप ८०० मेगावाटसहित अबको एक वर्षमा यो तीन हजार मेगावाट पुग्नेछ । चार वर्षअघिसम्म उत्पादन केवल एक हजार ७४ मेगावाट थियो। अहिले तीन हजार २८९ मेगावाट क्षमताका योजना निर्माणाधीन र कुल सात हजार ३२ मेगावाट क्षमताका आयोजना विभिन्न प्रक्रियागत तहमा छन्। अबका केही वर्षमा यी आयोजना पूरा हुँदा त्यसको खपत अभिवृद्धि र खपत हुन नसकेको ऊर्जा निर्यातको विकल्प छैन । तर हामीसँग अहिले नै आन्तरिक आपूर्तिका लागि प्रसारण लाइनको अभाव छ। पुराना र कमजोर क्षमताका प्रसारण पूर्वाधारको भरमा आपूर्ति चलेको छ । विद्युत् व्यापारमा एकाधिकार ओगटेर बसेको सरकारी प्रतिष्ठान पूर्वाधारमा पर्याप्त लगानी गर्न नसकिएको बताएर लाचारी र अक्षमता प्रकट गरिराखेको छ।

विसं २०८५ सम्म विद्युत्को उत्पादन र खपत दुवैलाई १० हजार मेगावाट पुर्‍याउने लक्ष्य राखिएको थियो । तर तीन हजार मेगावाट पुग्दा नपुग्दै विद्युत् खेर जाने भयो भन्दै कोकोहोलो किन ? १५ सय मेगावाट पुग्दा नै प्राधिकरण बजार खोज्दै हिंडेको हो। यो उत्पादन भएको बिजुली खेर जाने, कतै गुणस्तरीय आपूर्तिको अभावमा उत्पादन र दैनिक जीवनयापन सकसपूर्ण बन्ने अवस्था विडम्बनाको हद हो। स्वदेशी बजारमैं आपूर्तिका लागि अपर्याप्त भइराखेको संरचनाको भरमा निकासी होला भन्ठान्नु भ्रम मात्रै हो । सरकार यो भ्रमबाट बाहिर निस्किएर विद्युत्को व्यापारमा निजी क्षेत्रको प्रवेशलाई सहजीकरण गर्नुपर्दछ।

विद्युत् उत्पादन शुरू भएको ८० वर्षपछि सन् १९९२ मा सरकारले विद्युत् ऐनमार्फत निजी क्षेत्रलाई लगानीको ढोका खोलेको थियो । त्यसयता उत्पादनमा निजी क्षेत्रको सहभागिता उत्साहजनक छ। स्वदेश मात्र होइन, विदेशी कम्पनीले पनि उत्पादनमा हात हालेका छन् । नेपालमा विद्युत् व्यापारमा निजी क्षेत्रको सहभागिताको कुरा वर्षौंदेखि उठ्दै आएकोमा सरकारले हालै निजी क्षेत्रलाई विद्युत् व्यापारको अनुमति दिन पावर एक्सचेन्ज कार्यविधिको मस्यौदा बनाएको थियो । अब उत्पादनमा मात्र होइन, व्यापारमा निजी क्षेत्रलाई ल्याउन ढिला भइसकेको छ। प्रसारणका पूर्वाधारमा स्वदेशी र विदेशी लगानीकर्ता नभित्र्याउने हो भने प्राधिकरणको कछुवा पाराले अवसर उपयोग त परको कुरा, यो सकसको कारण बन्ने निश्चित छ।

नेपालमा उत्पादित विद्युत्को मुख्य बजार भारत नै हो। यसो त बङ्गलादेशले पनि नेपालको विद्युत् उपयोगमा सम्झौता गरेको छ। नौ हजार मेगावाट विद्युत् लैजाने लक्ष्य छ। लक्षित बजारसम्म विद्युत् पुर्‍याउन त पूर्वाधार नै चाहिन्छ। उत्पादनमा सुधार देखिए पनि प्रसारण पूर्वाधारको अवस्था दयनीय छ। यसमा सुधार नभएसम्म जति नै सम्भाव्यताको गफ दिए पनि त्यसमा ढुक्क हुन सकिन्न। विद्युत्को उत्पादन, प्रसारण र वितरणका लागि बेग्लाबेग्लै कम्पनी खडा गरेर त्यस्ता कम्पनीमा निजी क्षेत्रलाई प्रोत्साहन गर्न सक्दा बढी प्रभावकारी हुन सक्छ । अहिलेसम्म वितरणमा एकाधिकार जमाएर बसेको प्राधिकरण यसमा सकारात्मक छैन। काम ओगटेर बस्ने र कार्यान्वयनको तहमा लाचारी मात्रै प्रकट गरिराख्ने हो भने प्राधिकरणको औचित्यमा प्रश्न उठ्न सक्छ, उठ्न थालिसकेको छ। एमसिसी सम्झौतालाई छिटो कार्यान्वयनमा लगियो भने यसबाट प्रसारण लाइनको समस्याको निकासमा केही दहसम्म आशावादी हुन पनि सकिएला।

जल तथा ऊर्जा आयोगको पछिल्लो अध्ययनले नेपालका नदीहरूमा ८५ हजार मेगावाट बिजुली उत्पादनको सम्भाव्यता सार्वजनिक गरेको थियो । सन् २०३५ सम्म भारतलाई वार्षिक २४ हजार मेगावाट बिजुली बेच्ने योजना पनि सुनिएको हो। सन् २०४५ सम्ममा नेपालले भारतलाई बिजुली बेचेर वार्षिक साढे १० खर्ब रुपैयाँभन्दा बढी आर्थिक आर्जन गर्न सक्ने एक अर्को अध्ययन प्रतिवेदनले देखाएको थियो । यसका लागि भारतले अन्तरदेशीय प्रसारण लाइन बनाउने कुरा पनि भएकै हो । तर भारतसितै भएका विद्युत् उत्पादनका सम्झौता र भारतीय लगानीकर्ता सहभागी भएका योजनाले अपेक्षित गति समातेका छैनन्।

सरकारले प्रत्येक वर्ष औसत एक हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्य लिएको छ। १० वर्षमा १० हजार मेगावाट उत्पादन गर्ने भनिएकोमा आधा समय त बितिसकेको छ। योजनाबद्ध तरीकाबाट उत्पादन र खपतलाई बढावा दिने हो भने १० हजार मेगावाट जति विद्युत् त नेपालमैं खपत हुने प्रक्षेपण गरिएको छ। नेपालले लक्ष्यमा राखेको दोहोरो अङ्कको आर्थिक वृद्धि हात पार्न सन् २०४० सम्ममा ४३ हजार मेगावाट विद्युत् खाँचो पर्ने अर्को तथ्याङ्क छ। नेपालको निजी क्षेत्र त अहिले नै स्वदेशी माग पाँच हजार मेगावाट पुगिसकेको बताउन थालेको छ। १० हजार मेगावाट विद्युत् उत्पादन र त्यसका लागि प्रसारण लाइन बनाउन २१ खर्ब रुपैयाँ लाग्ने अनुमान गरिएको थियो। यो चार/पाँच वर्षअघिको लागत अनुमान हो। समयान्तरमा लागत बढ्दै जानेमा पनि विवाद आवश्यक छैन । यसका लागि रणनीतिक योजनाको कमी छ।

घरघरमा खाना पकाउने ग्याँसलाई विद्युतीय चुलोबाट विस्थापन गर्नुपर्दछ। ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले 'स्वदेशी विद्युत् जोडौं, विदेशी ग्याँस छोडौं' भन्ने उद्घोष र महसूलमा केही कटौती गरेको पनि छ। यी प्रयास सकारात्मक भएपनि पर्याप्त छैनन्। सार्वजनिकदेखि निजी सवारीसाधनमा विद्युतीय साधनलाई प्रोत्साहन गरिनुपर्नेमा यस्ता साधनको आयातमा पनि सरकारले राजस्व असुलीको अभीष्टलाई नै अघि सारेको छ।

भारत, नेपालको विद्युत्को सबैभन्दा बढी सम्भाव्य बजार हो भनिराख्दा हामीले प्रतिस्पर्धी मूल्यमा उत्पादन गर्न सक्छौं कि सक्दैनौं भन्नेमा पनि ध्यान दिनु उत्तिनै अनिवार्य छ। भारत विश्वकै दोस्रो ठूलो कोइला आयात गर्ने देश हो। अहिले पनि भारतको कुल ऊर्जा आपूर्तिमा कोइलाको अंश ७० प्रतिशत छ। भारत सस्तो लागतमा विद्युत् उत्पादनमा पनि लागेको छ। नेपालका लागि सहज बजार मानिएका बिहार र उत्तर प्रदेश पनि सौर्य ऊर्जामा आक्रामकरूपमा अघि बढेका छन् । भारतले सौर्य ऊर्जा प्रतियुनिट तीन रुपैयाँ ९० पैसामा बजारमा दिइराखेको छ। हाम्रो उत्पादन त्योभन्दा सस्तो हुन सक्छ ? के हामीले यो अवसर उपयोगका लागि प्रतिस्पर्धी लागतमा विद्युत् उत्पादन गर्न सक्छौं । प्राधिकरणको अहिलेको सीमित स्रोत र संरचना, उत्पादन र वितरणका विरोधाभास, नीति, प्रक्रियागत, नियतगत झन्झटजस्ता अवरोधको समाधान पहिलो शर्त हो । प्रसारण र वितरणमा निजी क्षेत्रको प्रवेशले मात्रै यसमा सुधारको बाटो पहिल्याउनेमा आशावादी हुन सकिन्छ।

# गुड्ने मिनी अस्पताल



तस्वीरः रासस

काठमाडौं, ७ साउन/रासस

नेपालमा सामान्य खालको स्टेचर र केही उपकरण भएका र मध्यम खालका बिरामीलाई ओसारपसार गर्न सक्ने एम्बुलेन्स चल्छन्।

त्यही पनि भौगोलिक अवस्था, सडक जाम, सुविधा अभावले बिरामीको बीच बाटोमैं मृत्यु हुने अवस्थाको सामना गरिरहनुपरेको छ।

तर अस्पतालमा मात्र प्राप्त हुने महत्त्वपूर्ण सेवा भेन्टिलेटर, बिरामी निगरानी मेशिन, सिरिन्ज पम्प, इन्फ्युजन पम्प, अक्सिजन कन्सेन्ट्रेटर, इसिजी मेशिन, अल्ट्रासाउन्ड मेशिनलगायतका उपकरण कुनै एउटा गाडीमा हुन्छ । त्यसभित्र एउटा होइन छ/छ वटा सुविधायुक्त शय्या र साथमा सिसिटिभी।

मिनी अस्पतालका रूपमा रहेका ती सुविधासहितका त्यस्ता गाडी विकसित मुलुकमा प्रयोग भइरहेका छन्, तर हाम्रोजस्तो विकासोन्मुख मुलुकमा त्यस्तो सेवा प्राप्त सवारीसाधन सञ्चालन होला ? हामी धेरैलाई विश्वास लाग्न गाह्रै हुन्छ।

अब भने राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले त्यस्ता सवारीसाधनलाई नेपालमा भित्र्याएर अविश्वासलाई विश्वासमा बदलिदिएको छ । एउटा जटिल बिरामीलाई अस्पतालले उपचार गर्ने सुविधासहितको सेवा प्राप्त हुने सवारीसाधन नेपालमा पहिलोपटक भित्रिएको हो।

अबका विपत्तिमा ती गाडीले नेपालमा पनि सेवा थाल्नेछ र अकालमा हुने मृत्युलाई घटाउन सहयोग गर्नेछ । चिकित्सक नआइपुग्दा पनि टेलिमेडिसिनको रूपमा चिकित्सकलाई

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## सलमान खानद्वारा आत्मरक्षाका लागि हतियार माग

मुम्बई, ७ साउन/एएनआई

आफ्नो हत्याको धम्कीपत्र पाएका अभिनेता सलमान खानले आत्मरक्षाका लागि हतियार राख्न पाउनुपर्ने तर्क गर्दै हतियारको इजाजत दिन प्रशासनसमक्ष आवेदन गरेका छन्।


तस्वीरः एएनआई

गत महीना ग्याङ्स्टर लरेन्स बिश्नोईको गिरोहबाट आएको धम्कीपत्रलाई ध्यानमा राख्दै आत्मसुरक्षाको लागि हतियार लाइसेन्सका लागि उनले आवेदन गरेका मुम्बई पुलिसले जनाएको छ। अभिनेता खानले मुम्बईका प्रहरी प्रमुख विवेक फान्सालकरलाई भेटेर आफू र आफ्ना बुबालाई आएको मार्ने धम्कीपत्रबारे छलफल गरेका हुन्। भेटकै क्रममा उनले आत्मसुरक्षाको लागि हतियार लाइसेन्सको लागि आवेदन दिएका हुन्।

गत मे २९ मा पञ्जाबको मानसा जिल्लामा पञ्जाबी गायक सिद्धु मुसेवालाको गोली हानी हत्या भएपछि ५ जूनमा सलमान खान र उनका बुबा सलिम खानलाई मार्ने धम्की आएको थियो। सलिम खानको सुरक्षा टोलीले उक्त चिठी मुम्बईको बान्द्रा ब्यान्डस्टचान्ड प्रोमेनेडनजीकै भेटेको थियो, जहाँबाट उनी नियमित बिहानको दौडमा निस्कने गर्छन्।

अभिनेताले हिन्दीमा प्राप्त गरेको चिठीमा सलिम खान र उनका छोरा दुवैले मारिएका गायक सिद्धु मुसेवालाको जस्तै नियति भोग्ने चेतावनी दिइएको प्रहरीले बताएको छ। महाराष्ट्र गृह मन्त्रालयबाट प्राप्त जानकारी अनुसार बिश्नोई गिरोहले अभिनेता खान र उनका बुबालाई धम्की दिनुको कारण आफ्नो शक्ति देखाउनु हो भनेको छ।

उक्त गिरोहले ठूला व्यवसायी र कलाकारसँग रकम असुल्ने तयारी गरिरहेको बताइएको छ। धम्कीपत्र भेटिएपछि मन्त्रालयले खानको सुरक्षा निगरानी बढाएको छ। मुम्बई प्रहरीको अपराध शाखाले धम्कीपत्रको छानबीन गरिरहेको छ। छानबीन गर्न गत महीना पुणे गएको प्रहरी टोलीले लरेन्स बिश्नोई गिरोहका सदस्य सिद्धेश हीरामन काम्बले अर्थात् महाकालसँग सोधपूछ गरेको थियो। रासस

## तालिबान क्रूरताको पराकाष्ठा : गोली हानी युवकको हत्या, सार्वजनिकरूपमा शव प्रदर्शन

काबुल, ७ साउन/एएनआई

तालिबानले बागलानको अन्दारब जिल्लामा एक युवकलाई गोली हानी हत्या गऱ्यो र त्यसपछि सार्वजनिकरूपमा जिल्लाको बजारमा युवकको शव प्रदर्शन गरेको छ।

तालिबानले कासा तरास क्षेत्रको अन्दारबका एकजना बासिन्दालाई गत बुधवार घरबाहिर निस्कन बाध्य पारेको र त्यसपछि उनको हत्या गरेर शव सार्वजनिक प्रदर्शनमा राखेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।

तालिबानको स्वेच्छाचारी हत्या बढिरहेको तथा बितेका दश महीनामा कैयौं पूर्वसुरक्षा बल र कर्मचारी मारिएका छन्।

अफगानिस्तानमा तालिबानले सत्ता सम्हालेको दश महीनामा मानव अधिकारको अवस्थामा सुधार हुन सकेको छैन। डर, दण्डहीनता, शक्तिको स्वेच्छाचारी बल प्रयोगको वातावरणको अन्त्य, उजूरी दर्ता गर्न र शक्ति दुरुपयोगको दस्तावेजीकरण गर्न अति कठिन एवं जोखिमपूर्ण भएको राष्ट्रसङ्घीय मिसनले बताएको छ।


तस्वीरः एपी

परवान, कपिसा, बाघलान, थिथर, कान्दाहार, सारीपुल, नाङ्गरहार र समङ्गनमा यातना, दुर्व्यवहार, गैरकानूनी हत्या, स्वेच्छाचारी गिरफ्तारी, नजरबन्द र जबरजस्ती विस्थापन भइरहेको बताइएको छ।

अफगानिस्तानको अन्तर्राष्ट्रिय दायित्वअनुरूप मानव अधिकार उल्लङ्घनलाई रोक्न र जवाफदेहिता सुनिश्चित गर्न राष्ट्रसङ्घीय सुरक्षा परिषद् र अन्तर्राष्ट्रिय फौजदारी अदालतले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको राष्ट्रसङ्घीय मिसनले जनाएको छ। रासस

## प्रदर्शनविरुद्ध शक्ति प्रयोग नगर्न श्रीलङ्काली राष्ट्रपतिसँग आग्रह

कोलम्बो, ७ साउन/एपी

अन्तर्राष्ट्रिय मानव अधिकार समूहले सरकारविरुद्ध प्रदर्शन गरिरहेका माथि


तस्वीरः एपी

बल प्रयोग नगर्न श्रीलङ्काका राष्ट्रपतिसमक्ष आग्रह गरेको छ। उनीहरूले सुरक्षा निकायलाई तत्काल बल प्रयोग बन्दको आदेश दिन पनि आग्रह गरेका छन्।

राष्ट्रपति रनिल विक्रमासिङ्घेले बिहीवार पद तथा गोपनीयताको शपथ लिएको भोलिपल्ट राष्ट्रपति कार्यालयबाहिरको एक शिविरमा छापा मारेर सुरक्षा बलका अधिकारीले प्रदर्शनकारीमाथि लाठी प्रहार गरेकामा आपत्ति जनाउँदै उनीहरूले श्रीलङ्कालीको मौलिक अधिकारको सम्मान गर्न अनुरोध गरेका हुन्।

ह्युमन राइट्स वाचका दक्षिण एशिया निर्देशक मीनाक्षी गाङ्गुलीले आज एक विज्ञप्ति जारी गर्दै देशको आर्थिक आवश्यकतालाई सम्बोधनका निम्ति तत्काल आवश्यक उपाय अपनाउन आह्वान गरेकी छन्।

उनले श्रीलङ्काका अन्तर्राष्ट्रिय साझेदारले आफ्ना जनताको अधिकार कुल्चिने प्रशासनलाई समर्थन गर्न नसक्ने बताएकी छन्।

ह्युमन राइट्स वाच र एम्नेस्टी इन्टरनेशनलले दुईजना पत्रकार र दुईजना वकीलसहित ११ जना पक्राउ परेको घटनाको निन्दा गर्दै सत्तामा आएको केही घण्टाभित्रै नयाँ सरकारले हिंसक रणनीति अपनाउनु लाजमर्दो भएको बताएका छन्।

शान्तिपूर्ण प्रदर्शन गर्ने अधिकार हनन हुन नहुने, बलको अत्यधिक प्रयोग नगर्न, धम्की र गैरकानूनी गिरफ्तारी अन्त्य गर्न दुवै मानव अधिकारवादी संस्थाले आह्वान गरेका छन्।

चरम आर्थिक सङ्कटले पिरोलिएको श्रीलङ्काको जनता औषधि, इन्धन र खाद्यान्नलगायत अत्यावश्यक वस्तुको अभावमा सङ्घर्ष गरिरहेको छ भने देशलाई पुरानो अवस्थामा फर्काउन राजनीतिक नेतृत्वले आफ्नो ध्यान केन्द्रित गर्नुपर्नेमा जोड दिँदै दबाब सिर्जना गर्न प्रदर्शनकारी सडकमा ओर्लिएका छन्।

यसैबीच, प्रदर्शनकारीमाथि भएको दमनको देशका विपक्षी दल, संयुक्त राष्ट्रसङ्घ र अमेरिकाले निन्दा गरेका छन्।

राष्ट्रपति कार्यालयबाहिर कडा सुरक्षा व्यवस्था भएपनि प्रदर्शनकारीले विक्रमासिङ्घेले राजीनामा नदिएसम्म आन्दोलन जारी राख्ने अडान छाडेका छैनन्। रासस

## रतनपुरी गाँजा प्रकरण : डेढ वर्षमा पनि मुख्य अभियुक्त पक्राउ परेन

जीतलाल श्रेष्ठ, निजगढ, ७ साउन/

डेढ वर्षअघि रतनपुरी अस्थायी प्रहरी चौकीका इन्चार्ज एवं प्रहरी सहायक निरीक्षक शम्भुप्रसाद यादवले गाँजा तस्करसँग सात लाख बार्गेनिङ गरी अढाई लाख रकम लिने सहमतिमा भुलनलाई भने प्रहरीले अझैसम्म पनि पक्राउ गर्न नसकेकोमा प्रहरीको कामकारबाहीमाथि शङ्का व्यक्त गरिन थालिएको छ।

घटनाका मुख्य नाइकेलाई प्रहरीले अहिलेसम्म पक्राउ गर्न नसकेकामा बार्गेनिङको कुरा मिलेपछि आफूलाई छोडिदिएको बताएका थिए।

घटनामा पक्राउ परेका अटोधनी तितुङसहित उनका छोराले सो राति करीब ८ बजे रतनपुरबाट निजगढतर्फ प्रदेश २–०३–००१ ह ३२१ नम्बरको अटोमा



त्योबेला प्रहरीले नियन्त्रणमा लिएको गाँजा, अटो र मोटरसाइकल। तस्वीरः फाइल/प्रतीक

६० किलोग्राम गाँजा ल्याउँदै गर्दा रतनपुरी अस्थायी प्रहरी चौकीका तत्कालीन इन्चार्ज एवं प्रहरी सहायक निरीक्षक यादवसहितको प्रहरी टोलीले गाँजा तस्करसँग रकम बार्गेनिङ गरी अभियुक्तहरूलाई छोडिदिएका थिए।

सो घटनाका मुख्य नाइकेमध्येका भुलनलाई प्रहरीको खोजी सूचीमा रहेको र ढिलो–चाँडो कानूनी दायरामा आउने जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक राजेश थापाले बताए। उनलाई फरार सूचीमा राखी सोही बखतदेखि बारा प्रहरीले खोजी कार्य राखेको तर अहिलेसम्म फेला नपरेको प्रवक्ता थापाले बताए।

प्रहरी सहायक निरीक्षक नै यस घटनामा मुछिएको समाचार बाहिर आएसँगै जिल्ला प्रहरी कार्यालय, बाराले एकजना प्रहरी निरीक्षकको संयोजकत्वमा छोडिदिएको घटनाका मुख्य आरोपित अहिलेसम्म पक्राउ पर्न सकेका छैनन्। यस घटनामा संलग्न चारजना अभियुक्तमध्ये मुख्य योजनाकार निजगढ नगरपालिका–१२ रामथलीका दिनेश भनिने इन्द्रबहादुर भुलनलाई बारा प्रहरीले घटनाको डेढ वर्ष बितिसक्दा पनि पक्राउ गर्न सकेको छैन।

घटनामा संलग्न अटोधनी निजगढ नगरपालिका–१२ रामथलीका पाल्साङ तितुङलाई पाँच महीनाअघि काठमाडौंबाट र निजगढ नगरपालिका–१२ रामथलीका सोमबहादुर थिङलाई २०७८ पुस ४ गते मकवानपुरको नामटारबाट पक्राउ गरी लामो अनुसन्धानपछि उनीहरू हाल कारगारमा पुर्पक्षका लागि थुनिएका छन्।

गाँजा ओसारपोसारमा लामो समयदेखि संलग्न हुँदै आइरहेका सोही ठाउँका दिनेश भनिने इन्द्रबहादुर पक्राउ परेका चारजनाका परिवारजनले नै अहिले प्रहरीमाथि शङ्का गरेका हुन्। उनीहरूले भुलन समातिएको खण्डमा प्रहरीको भन्डाफोर हुन्छ भनेर पक्राउ नगरिएको हो कि भन्ने शङ्का व्यक्त गरेका थिए।

२०७८ जेठ ३१ गते राति बाराको निजगढ नगरपालिका रतनपुर जङ्गलमा गाँजा तस्कर सोमबहादुर थिङ र प्रहरी इन्चार्ज यादवबीच मोटो रकमको बार्गेनिङ भएको खुलासा भएको थियो। पक्राउ परेका थिङले रतनपुर अस्थायी प्रहरी चौकीका तत्कालीन इन्चार्ज शम्भुप्रसाद यादवले आफूसँग पहिला घटनास्थलमा सात लाख रकम माग गरेको र माग बमोजिमको रकम दिन नसक्ने भनेपछि अढाई लाख रुपैयाँ भोलिपल्ट दिने सहमतिमा गाँजा लोड अटो, मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिई हतकडी लगाए पनि रकम

(बाँकी अन्तिम पातामा)

### गुड्ने मिनी अस्पताल......

जोडेर उक्त गाडीभित्रै बिरामीको उपचार र निगरानी गर्नसमेत सकिने प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले जानकारी दिए।

उनले उक्त गाडीलाई मिनी अस्पताल वा गुड्ने अस्पतालका रूपमा लिइएको र विपत्मा परेका मानिसको ज्यान बचाउन सहयोगी हुने विश्वास रहेको बताए। उनले यस्तो प्रकारको गाडी नेपालमा पहिलोपटक भित्रिएको दाबी पनि गरे।

यस्ता सुविधायुक्त आठ ठूला गाडी र आठवटा 'ए क्लास'का एम्बुलेन्स सञ्चालन र व्यवस्थापनका लागि सशस्त्र प्रहरीले जिम्मेवारी प्राप्त गरेको छ। सरकारले उक्त गाडी मल्टी डोनर ट्रस्ट फन्ड र विश्व बैंकको व्यवस्थापन सहयोगमा प्राप्त गरेको हो।

मुख्यतः उक्त फन्डमा अमेरिकी सहयोग नियोग (युएसएड), बेलायती सहयोग नियोग (एमसिडिओ), क्यानेडियन एड र स्वीस एजेन्सी फर डेभलपमेन्ट एन्ड कर्पोरेशनको पैसा परेको छ।

गृहमन्त्री बालकृष्ण खाणले आजै सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याललाई ती गाडीको चाबी हस्तान्तरण गरे। उक्त गाडीहरू हरेक प्रदेशमा एक/एक वटा र केन्द्रमा एकवटा रहने जनाइएको छ। विपत्तिमा परेका र गम्भीर घाइते भएका मानिसलाई अस्पताल ल्याउन नसक्ने अवस्था भएमा, तत्कालै उपचार जरुरी परेमा सोही गाडीमा राखेर उपचार गर्न सकिन्छ। गाडीभित्रै छजनालाई सुविधायुक्त शय्यामा राखेर उपचार गर्न सकिन्छ भने केही बिरामीलाई अन्य कुर्सीमा समेत राखेर उपचार गर्न सकिने सुविधा छ।

प्राकृतिक विपद्को चुनौती सामना गरिरहेको नेपालजस्तो मुलुकका लागि उक्त गाडीको प्रयोगले विपद्मा परेका मानिसको अकाल मृत्युबाट जोगाउने विश्वास गरिएको छ। नेपाल प्राकृतिक र अन्य विपद्को ठूलो जोखिममा रहेको तथ्य हामी सबैमा विदितै छ। कठिन भौगोलिक अवस्थाको कारणले भूकम्प, बाढी र पहिरो, डुबान, आगलागीजस्ता विपद् बल्झिरहन्छ।

कोभिडजस्ता ठूला महामारीको सम्भावना पनि उत्तिकै छ। सडक, हवाई र निर्माणसम्बन्धी ठूला दुर्घटना भइरहेको छ।

त्यसैले जनताको जीवनरक्षाका लागि यस्ता गाडी सहयोगी हुन्छ। सरकारसँगको सहमति अनुसार अशोक लेल्यान्डले उक्त गाडी खरीद गरी सरकारलाई बेचेको हो। उक्त गाडीलाई विपद् सामूहिक उद्धार एम्बुलेन्सको नाम दिइएको छ। यसले बिरामी ओसारपसार मात्र गर्दैन, यसमा रहेको उपकरणले गाडीलाई मिनी अस्पताल वा गुड्ने अस्पताल नै बनाएको छ। चिकित्सक र नर्सले बाटोमैं बिरामीको उपचार र हेरचाह गरी बचाउन सक्छन्।

जीवन बचाउने आधुनिक उपकरण, महत्त्वपूर्ण हेरचाह सुविधा यसमा छ। यसमा पोर्टेबल भेन्टिलेटर, बिरामी निगरानी मेशिन, सिरिन्ज पम्प, इन्फ्युजन पम्प, अक्सिजन कन्सेन्ट्रेटर, इसिजी मेशिन, अल्ट्रासाउन्ड मेशिन, सिसिटिभी छन्। उक्त गाडी एउटाको झन्डै रु एक करोड पर्ने बताइएको छ। ठूला घटनामा उद्धार गर्न मदत गर्नेछ।

गृहमन्त्री खाणले गाडी निरीक्षण गर्दै यसले जुनसुकै विपत्तिमा परेका मानिसको ज्यान जोगाउन महत्त्वपूर्ण योगदान गर्ने बताए। आजै प्राधिकरणले अपाङ्गता भएकाहरूका लागि १५१ प्रकारका सहयोगी सामग्रीसमेत राष्ट्रिय अपाङ्ग कोषलाई हस्तान्तरण गरेको छ।

उक्त हस्तान्तरण समारोहमा गृहमन्त्री खाणले अपाङ्गता भएकाहरूका लागि बजेट बढाउनुपर्ने आवश्यकता औंल्याउँदै हरेक क्षेत्र उनीहरूका विषयमा संवेदनशील हुनुपर्नेमा जोड दिए। उनीहरूको जीवनयापनलाई कसरी सहज बनाउने भन्नेमा नै सरकारको ध्यान रहेको बताए।

गृहसचिव टेकनारायण पाण्डेले उक्त सुविधायुक्त गाडीले मानवीय जीवनलाई सङ्कटबाट बचाउन सहयोग गर्ने विश्वास व्यक्त गरे। उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकाल उक्त गाडीलाई गुड्ने अस्पतालकै संज्ञा दिन्छन्। कार्यक्रममा सशस्त्र प्रहरीलाई ६५ थान विपद् उद्धार सामग्रीसमेत हस्तान्तरण गरिएको थियो।

उक्त अवसरमा प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराई, सहसचिव अनीता निरौला, सशस्त्र प्रहरी महानिरीक्षक अर्याल, राष्ट्रिय अपाङ्ग कोषका सभापति डेकराज भट्टराईले धारणा राखेका थिए।

### आजको राशिफल

| | |
|---|---|
| मेष – कान्तिक्षय | वृष – सुयश |
| मिथुन – खर्चवृद्धि | कर्कट – प्रसन्नता |
| सिंह – सफलता | कन्या – ईश्वरभक्ति |
| तुला – रोगभय | वृश्चिक – व्यापारवृद्धि |
| धनु – कडापरिश्रम | मकर – कार्यनाश |
| कुम्भ – भयचिन्ता | मीन – मित्रमिलन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

समयमा कर तिर्ने बानी बसालौं
जिम्मेवार नागरिकको परिचय दिऔं।
वीरगंज महानगरपालिका कार्यालय

# जनप्रतिनिधिलाई अभिमुखीकरण

प्रस, पोखरिया, ७ साउन/

राष्ट्रिय भूमि आयोग, पर्साको आयोजनामा बहुदरमाई नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरूको लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।



तस्वीरः प्रतीक

“हाम्रो अभियान भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको समस्याको समाधान हाम्रै पालामा” नाराका साथ आयोगले बहुदरमाईका जनप्रतिनिधिलाई अभिमुखीकरणका तालीम दिएको हो।

भूमिहीन, सुकुमबासी, दलित एवं अव्यवस्थित बसोबासीहरूको पहिचान कसरी गर्ने, कसलाई भूमि उपलब्ध गराउने, सूचना कसरी सङ्कलन गर्नेलगायतका विषयमा राष्ट्रिय भूमि आयोग, पर्साका अध्यक्ष तबरेज अहमद र सदस्य सुरेन्द्र सिंहले प्रशिक्षण दिएका थिए।

सो अवसरमा भूमिसम्बन्धी कामको सहजताका लागि सेवा केन्द्र सहजीकरण समिति गठन गर्ने र नगरपालिकामा सेवा केन्द्रको स्थापना गर्ने निर्णय भएको आयोग, पर्साका अध्यक्ष अहमदले बताए। उनले बाँकी रहेको सूचना तथा तथ्याङ्क सङ्कलनका लागि केन्द्रीय आयोगलाई सिफारिश गर्ने पनि निर्णय गरिएको बताए।

कार्यक्रममा बहुदरमाई नगरपालिकाका प्रमुख सिंगासन साह तेली, उपप्रमुख सुषमा कुशवाहा, भूमि आयोग, पर्साका सदस्य हेमकुमारी भट्टराई, वडाध्यक्ष, कार्यपालिका सदस्य, कर्मचारीलगायतको सहभागिता थियो।

राष्ट्रिय भूमि आयोग, पर्साले वीरगंज महानगरपालिका, पर्सागढी र बहुदरमाई नगरपालिका र ठोरी गाउँपालिकामा सम्झौता गरेर गतिविधि अघि बढाएको र अन्य पालिकामा पनि दोस्रो चरणमा सम्झौता गरेर काम अघि बढाउने तयारी भइरहेको अध्यक्ष अहमदले बताए।

# लागूऔषधसहित एकजना पक्राउ

प्रस, वीरगंज, ७ साउन/

जिल्ला प्रहरी कार्यालय, पर्साले लागूऔषधसहित एकजनालाई पक्राउ गरेको छ।



तस्वीरः प्रतीक

वीरगंज महानगर–१० निवासी ३१ वर्षीय अनिल कुमारलाई तीन हजार १९ थान फेनारगन, नुरफिम, डाइजोपामसहित पक्राउ गरेको प्रहरी उपरीक्षक रमेश बस्नेतले बताए।

जिप्रका, पर्सामा आयोजित पत्रकार सम्मेलनमा प्रउ बस्नेतले भारतीय नम्बरको बीआर०७वाई२०१ मारुती भ्यानमा लुकाइछिपाइ नेपाल भित्र्याइरहेको अवस्थामा अनिललाई पक्राउ गरेको बताए। उनीबाट फेनारगन ८८६, डाइजोपाम ११५५, नुरफिन ९७ थान गरी तीन हजार १९ थान तथा नाइट्रोभेट एक हजार ७८५ थान ट्याब्लेट बरामद भएको प्रउ बस्नेतले जानकारी गराए।

# अस्पताल सुधारका लागि बैठक

प्रस, वीरगंज, ७ साउन/

नारायणी अस्पताल सुधारको लागि सरोकारवालाहरूको बैठक शनिवार अस्पतालको सभाहलमा सम्पन्न भएको छ।




तस्वीरः फाइल

अस्पतालको स्तरोन्नतिका लागि नेपाल सरकारले पाँच सय शय्याको अस्पताल निर्माण कार्यको ठेक्का प्रक्रियामा परेको मुद्दा तथा थप जग्गा आवश्यक रहेकोले जग्गाप्राप्तिको विषयमा छलफल भएको थियो।

अस्पतालको भवन निर्माणको क्रममा ठेकेदार नै मुद्दा प्रक्रियामा गएपछि निर्माण कार्य अहिले रोकिएको छ। सो मुद्दा सर्वोच्चमा विचाराधीन छ। पटक–पटक सूचीमा परे पनि हेर्न नमिल्नेमा राखी वर्षौंदेखि मुद्दालाई अल्झाएर राखेकोप्रति ध्यानाकर्षण गराउन पनि बैठकमा छलफल भएको थियो।

आजको बैठकले अस्पताल विकास समितिका अध्यक्षको नेतृत्वमा छुट्टै समिति बनाइ स्तरोन्नतिको लागि पहल गर्ने निर्णय गरेको सहभागी निजामुद्दीन समानीले जानकारी दिए।

# राजस्व व्यवस्थापन तालीम समापन

प्रस, वीरगंज, ७ साउन/

वीरगंज महानगरपालिकाको आयोजनामा राजस्व व्यवस्थापन तथा सूचना प्रविधिसम्बन्धी पाँच दिने तालीम शनिवार वीरगंजको रघुवीरराम महावीरप्रसाद त्रिजुद्ध प्राविधिक विद्यालयमा सम्पन्न भएको छ।

महानगरका वडाहरूमा कार्यरत कम्प्युटर अपरेटरहरू सहभागी प्रशिक्षण कार्यक्रममा विद्युतीय प्रणालीबाट राजस्व सङ्कलनबारे प्रशिक्षण दिइएको थियो। विगतमा हस्तलिखित राजस्व सङ्कलन हुँदा हिनामिना हुनुका साथै अनियमितता बढेकाले महानगरपालिकाले प्राविधिक तालीमको आयोजना गरेको जनाएको छ।

समापन कार्यक्रममा नगरप्रमुख राजेशमान सिंहले सहभागीहरूले सिकेका कुरालाई व्यवहारमा उतार्न सुझाए। उनले राजस्व उठाउने जिम्मा पाएका कर्मचारीहरूलाई इमानदारीका साथ काम गर्न र आइपरेका समस्याहरूलाई बुझ्न वरिष्ठ कर्मचारीहरूको सहयोग लिनसमेत सल्लाह दिए।

# एमालेको पोखरियामा बैठक

प्रस, पोखरिया, ७ साउन/

नेकपा एमाले पोखरिया नगर कमिटीको बैठक शनिवार सम्पन्न भएको छ।



तस्वीरः प्रतीक

नगर कमिटी अध्यक्ष विन्ध्याचल ठाकुरको अध्यक्षतामा भएको बैठकमा वडा नं १ देखि १० सम्मको निर्वाचनमा एमाले कार्यकर्ताहरूले गरेका सहयोग तथा असहयोग, बजेट विनियोजनमा पार्टीबाट निर्वाचित जनप्रतिनिधिहरूले गरेका समन्वयबारे छलफल भएको थियो।

साथै निर्वाचित जनप्रतिनिधिहरूबाट असन्तुष्ट पक्षहरूलाई समेटेर लानेबारे छलफल गरेको थियो।

कार्यक्रममा नगरप्रमुख प्रद्युम्न चौहानले अगामी दिनमा नगर कमिटीको सल्लाह, पार्टीको सिद्धान्त अनुसार अगाडि बढ्ने र पार्टीका कार्यकर्तालाई पहिलो प्राथमिकतामा राखी अगाडि बढ्ने बताए।

केन्द्रीय सदस्य राजकुमार गुप्ताले आगामी सङ्घ र प्रदेशको निर्वाचनमा एमालेलाई जिताउन आग्रह गरे।

कार्यक्रममा जिल्ला इन्चार्ज प्रभु हजरा, जिल्ला अध्यक्ष जयप्रकाश थारू, जालिम मियाँ, विनोद गिरी, उपप्रमुख रूबी ठाकुर, वडाध्यक्ष, सदस्यलगायतको सहभागिता थियो। कार्यक्रमको सञ्चालन सन्तोष गिरीले गरेका थिए।

# थारू एक्सप्रेस डटकम सञ्चालन

प्रस, वीरगंज, ७ साउन/

थारू पत्रकार सङ्घ नेपाल पर्साले “थारू एक्सप्रेस डटकम“ इन्टरनेट मिडियाको शुभारम्भ गरेको छ।




तस्वीरः प्रतीक

वीरगंजमा पूर्वमन्त्री सुरेन्द्र चौधरीले अनलाइनको शुभारम्भ गरेका थिए। उनले समय अनुसार अनलाइन मिडिया सञ्चालनमा ल्याएर राम्रो कार्यको थालनी भएको बताए। समाचार सत्यतथ्यको आधारमा लेखी थारूलगायत समाजको विकासका लागि काम गर्न पूर्वमन्त्री चौधरीले आग्रह गरे।

कार्यक्रममा थारू कल्याणकारी समितिका केन्द्रीय सदस्य बृजमोहन चौधरी, नन्दकिशोर पञ्जियार, जीराभवानी गाउँपालिकाका अध्यक्ष अनोज चौधरी, पटेर्वासुगौली गाउँपालिकाकी उपाध्यक्ष ममता महतो, थारू पत्रकार सङ्घ नेपालका पूर्व केन्द्रीय कोषाध्यक्ष दुष्यन्त चौधरी, आदिवासी जनजाति पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अजित भुजेल, आयोजक संस्थाका वरिष्ठ सल्लाहकार ओमप्रकाश चौधरी, थारू मेलमिलाप परिवारका अध्यक्ष मनोज चौधरीले शुभकामना व्यक्त गरेका थिए। कार्यक्रम दीपेन्द्र चौधरीले सञ्चालन गरेका थिए भने नीलम चौधरीले स्वागत गरेकी थिइन्।

## नागरिकता विधेयक....

सरकारको यस्तो कदमले तराई–मधेसका लाखौं जन्मसिद्ध र अङ्गीकृत नागरिकका छोराछोरीहरूको भविष्य निर्धारण हुने बताए। नागरिकता नबन्दा जन्मसिद्ध र अङ्गीकृतका छोराछोरीहरू राज्यविहीन भएको अवस्थामा सो विधेयक संसद्बाट पास भएकोले अब पीडितहरूले सहजै नागरिकता पाउने र राज्यबाट पाइने मौलिक हक उपभोग गर्न सक्ने बताए।

नेपाली काङ्ग्रेस, पर्साका उपसभापति रामनारायण कुर्मीले नागरिकता विधेयक पारित भएपछि अन्य राजनीतिक दलहरूले श्रेय लिन खोजेको तर सत्तामा रहेका दलहरूले मधेसको जनताको समस्या बुझेर विधेयक पास गरेकोमा धन्यवाद दिए।

कार्यक्रममा वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलम, नेता श्याम पटेल, पूर्वउपप्रमुख शान्ति कार्की, विजय सर्राफ, जीतेन्द्रपुरुष ढकाललगायतको सहभागिता थियो।

## आठजना महिलासहित....

चौधरी, पटेर्वासुगौली गापाकी उपाध्यक्ष ममता महतो, कृपासिन्धु पटवारी, ब्रह्मानन्द चौधरी, राजकपछर चौधरी, पुतरिया देवी, मोहन चौधरी, जीतेन्द्रप्रसाद गौरो, महेश खाँ थारू, ब्रजभूषण पटवारी, शत्रुघ्न ओझैया, ओमप्रकाश महतो, कृष्णमोहन चौधरी, अरुण महतोलगायतले रक्तदान गरेका थिए।

यसैगरी, प्रोवाइस इन्स्टिच्युटद्वारा जीतपुरसिमरा उपमहानगरपालिकाको बकुलियामा आयोजित रक्तदान कार्यक्रममा दुईजना महिलासहित ३३ जनाले रक्तदान गरेका थिए।

कार्यक्रममा सावित्री चौधरी, हिरेन्द्र चौधरी, राजगिर चौधरी, प्रकाश पौडेल, कृष्ण झा, प्रकाश जैसवाल, अनुराग गुप्ता, उमेश साहलगायतले रक्तदान गरेका थिए।

## रतनपुरी गाँजा प्रकरण.....

तीन सदस्यीय छानबीन टोली त्यसै बेला गठन गरेको थियो।

तर घटना भएको डेढ वर्षमा पनि मुख्य योजनाकार पक्राउ नपरेकोले कतै घटनामा संलग्न प्रहरी सहायक निरीक्षक यादवलाई संरक्षण गर्न खोजेका त हैनन् ? भन्ने प्रश्न उठेको छ। प्रसनि यादवले भने आफूले तस्करसँग कुनै बार्गेनिङ नगरेको प्रतिक्रिया दिएका थिए।

सो घटना बाहिरिएपछि प्रसनि यादवलाई जिप्रका बारामा तानेर अनुसन्धान पनि गरिएको थियो।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| जानकारी आएन | | | | |


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,



## सर्पदंश (सर्पको टोकाइ)बाट बच्न...

- घरवरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँहरूको व्यवस्थापन गरौं,
- घरवरिपरि सफा राखौं, प्वालहरू टालौं,
- खुला स्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियारी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड